आज मिति २०८१।०६।०२ गते बिहान ०८:बजे जगदुल्ला गाउँपालिकाको कार्यलयमा यस गाउँपालिका अध्यक्ष श्री नारासिं रोकायज्युको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा जगदुल्ला गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

| पद | नामथर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | नारसिं रोकाय | |
| उपाध्यक्ष | अमरिता लामा | |
| अध्यक्ष वडा नं. १ | शेरबहादुर लामा | |
| अध्यक्ष वडा नं. २ | भानुभक्त बुढाथोकी | |
| अध्यक्ष वडा नं. ३ | भक्तबहादुर बोहोरा | |
| अध्यक्ष वडा नं. ४ | भिम प्रसाद बोहोरा | |
| अध्यक्ष वडा नं. ५ | भिम बहादुर बोहोरा | |
| अध्यक्ष वडा नं. ६ | काली बहादुर बुढा | |
| कार्यपालिका सदस्य | संगीता बुढा | |
| कार्यपालिका सदस्य | पासांडलामा बुढाथोकी | |
| कार्यपालिका सदस्य | रामकली लामा | |
| कार्यपालिका सदस्य | तिलकन्या वी.क | |
| कार्यपालिका सदस्य | मरे कामी | |
| कार्यपालिका सदस्य | श्याम बहादुर कामी | |
| सचिव | केशवराज जैसी | |
| सहायक कर्मचारी | खगेन्द ऐडी | |

प्रस्ताव नं. १ योजना कार्यन्वयन सम्वन्धमा ।

**निर्णय** नं ०१ :प्रस्ताव नं ०१ माथि छलफल गर्दा जगदुल्ला गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ वार्षिक स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारको मुख्यमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत जगदुल्ला गाउँपालिका वडा नं ०४ छाचु युवाक्लबको भवन निर्माण कार्यमा रु २० लाख बिनियोजन भएकोमा उक्त युवाक्लब दर्ता नभएको हुँदा सोहि वडाको सोही बस्तीमा सम्पूर्ण युवाहरु आवद्ध भएको इन्द्रणी युवाक्लब दर्ता भैई जग्गा प्राप्तिको लागि लिखित सहमति भई र जग्गा प्राप्तिको क्रममा रहेकोले उक्त युवाक्लब र जग्गा धनि बीच जग्गा लेनदेनको सहमति भएको जग्गामा युवा क्लबको भवन निर्माण प्रक्रिया अगाडी बढाउने र जग्गा प्राप्त भए पश्चात मात्रल भुक्तानी गरि उक्त भवन इन्द्रणी युवाक्लब वडा न ०४ लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।